सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३०० ♦ २०८३ साल साउन २ शनिवार ♦ 18 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# नागरिकता र जन्मदर्ता नपाउँदा अन्तरजातीय विवाह गरेका महिलाको न्यायको याचना

**खबर दर्पण समाचारदाता**

**साउन १ गते, जनकपुरधाम**

अन्तरजातीय प्रेम विवाह गरेका महिलाले नागरिकता र आफ्ना सन्तानको जन्मदर्तासमेत बनाउन नपाउँदा कानुनी पहिचानबाट वञ्चित हुनुपरेको पीडादायी अवस्था जनकपुर धाममा आयोजित एक अन्तर क्रिया कार्यक्रममा उजागर भएको छ।



'पीडितको न्यायमा पहुँच' विषयक अन्तरक्रियामा धनुषाको धनुषाधाम नगर पालिका-८ धारापानीकी राधिका यादवले आफ्ना तीन सन्तानसहितको जीवन सङ्घर्ष सुनाउँदै न्यायको याचना गर्नुभयो।

"अन्तरजातीय प्रेम विवाह गरेर श्रीमान्सँग जीवन बिताएँ, तीन सन्तानकी आमा बनेँ। तर आज मेरो आफ्नै नागरिकता छैन। श्रीमान्को निधनपछि उहाँको परिवारले कहिल्यै स्वीकारेन। छोराछोरीको जन्मदर्तासमेत बनाउन वडा कार्यालयले मानेको छैन," भन्दै उहाँ भावुक हुनुभयो। उहाँले कहिलेकाहीँ सबै कुरा अन्त्य गरौँजस्तो लागे पनि सन्तानको भविष्य सम्झेर बाँचेको बताउनुभयो।

राधिकाले विवाह गर्दाको समयमा आफ्नो उमेरसमेत नपुगेको र श्रीमान् जीवित र हँदासम्म छुट्टै बस्दै परिवारको गुजारा चले पनि उहाँको निधनपछि सबै आधार समाप्त भएको सुनाउनुभयो। श्रीमान्ले पनि नागरिकता नबनाएकाले अहिले आफू र आफ्ना सन्तान कानुनी पहिचानविहीन बनेको उहाँको भनाइ थियो।

"छोराछोरी विद्यालय जान चाहन्छन्। तर भर्नाका लागि जन्मदर्ता अनिवार्य छ। वडा कार्यालयले जन्मदर्ता बनाउन अस्वीकार गरिरहेको छ। नागरिकता पनि छैन, जन्मदर्ता पनि छैन, अब हामी कहाँ जाने ?" उहाँले जनकपुर उच्च अदालतका मुख्य न्यायाधीश टेकनारायण कुँवर, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव तथा कानुन व्यवसायी र मानवअधिकारकर्मीसमक्ष प्रश्न गर्नुभयो।

यस्तै व्यथा महोत्तरीको औरही गाउँपालिका-३ शिवपुरकी इन्दिरा कुमारी मण्डलले पनि सुनाउनुभयो। उहाँले यादव समुदायका युवकसँग प्रेम विवाह गरेको, केही समयपछि एक सन्तान जन्मिए पनि परिवारको दबाबमा श्रीमान्लाई भारत पठाइएपछि हालसम्म सम्पर्कविहीन रहेको जानकारी दिनुभयो।

"म अहिले माइतीमै बस्दै आएकी छु। आर्थिक अवस्था कमजोर छ। मेरो जन्मदर्ता भए पनि विवाह दर्ता र नागरिकता छैन। मेरो बच्चाको जन्मदर्तासमेत वडा कार्यालयले बनाउन मानेको छैन," उहाँले

बाँकी पृष्ठ ३ मा

# प्रादेशिक अस्पताल जलेश्वरमा डायलासिस सेवा सुरु, मिर्गौला बिरामीलाई ठूलो राहत

**खबर दर्पण समाचारदाता**

**साउन १ गते, बर्दिवास**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा रहेको प्रादेशिक अस्पताल जलेश्वरमा डायलासिस सेवा सुचारु भएपछि यसक्षेत्रका मिर्गौलाका बिरामी तथा तिनका कुरुवा (परिवार) लाई राहत मिलेको छ ।

जिल्लाको सम्सी गाउँपालिका वडानं.३ घर भई हाल जलेश्रुवर नगरपालिका वडानं.२ मा बस्दै आउनुभएका मिर्गौलाका बिरामी शेख शकिल अख्तरका छोरा याकुव शकिलले डायलायसिस सेवा सुचारु भएपछि आफूहरुलाई ठुलो राहत मिलेको बताउनुभयो ।

प्रादेशिक अस्पताल जलेश्वरले यही २०८२ चैत्र १८ गतेदेखि छ थान डायलायसिस मेसि सेवा सुरु गरेको हो । हरेक दुईतीन दिनमा बुबाको डायलासिस गराउनुपर्ने वाध्यता रहेको बताउनुहुँदै याकुवले भन्नुभयो,"यो भन्दा अगाडि बुबालाई डायलासिसको लागि १५ किलोमिटर टाढा जनकपुरमा एम्बुलेन्सबाट लिएर जानुपर्थ्यो ।" आर्थिक रूपमा कमजोर परिवारका लागि बारम्बार यात्रा गर्नु निकै कठिन हुने गरेको सम्झनुहुँदै याकुवले भन्नुभयो,"अब आफ्नै ठाउँमा सेवा उपलब्ध भएपछि आर्थिक तथा समय दुवैको बचतको साथसाथै उपचार सहज र पहुँचयोग्य बनेको छ ।"

उहाँले मिर्गौला बिरामीका लागि डायलासिस सेवा वरदान भएको र प्रादेशिक अस्पताल जलेश्वरमा डायलासिस सेवा सुचारु भएपछि राहत भएपनि कार्यालय समयमा मात्रै सेवा सुचारुले गर्दा आफूहरूमा डर पैदा भएको बताउनुभयो ।

उहाँले डायलासिस सेवा इमर्जेन्सी सेवा भएकोले यसलाई २४ घण्टा सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिनुभयो । जलेश्रुवर नगरपालिका वडा


बाँकी पृष्ठ ३ मा



**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, [illegible]तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# लोकतन्त्रको क्षय: इतिहासको चेतावनी र नेपालको वर्तमान सन्दर्भ



आशिष तिवारी / महोत्तरी

विख्यात अमेरिकी न्यायाधीश लर्न्ड ह्यान्डले भनेका थिए, “स्वतन्त्रता मानिसहरूको हृदयमा जीवित रहुन्जेल मात्र टिकिरहन्छ।” संविधान, संसद्, अदालत वा कानुन आफैंले लोकतन्त्र जोगाउँन सक्दैनन्। ती संस्थाहरूलाई जीवित राख्ने शक्ति नागरिक चेतना र स्वतन्त्र विचारको संस्कृतिमा निहित हुन्छ।

लोकतन्त्रको मृत्यु सधैं बन्दुककै दम्भबाट मात्र हुन्छ भन्ने पनि छैन। न त कुनै एक दिन अचानक संविधान च्यातिन्छ, संसद् बन्द हुन्छ र नागरिकको  स्वतन्त्रता पूर्ण रूपमा खोसिन्छ। सुरुमा जनताले सरकार शक्तिशाली भइरहेको ठान्छन्। तर इतिहासलाई अलि मात्र खोतल्ने  हो भने, हरेक अटोक्रसीको सुरुवात यही बिन्दुबाट भएको देखिन्छ। कहि पनि लोकतन्त्र एकैपटक समाप्त हुँदैन ,यसको क्षय विस्तारै हुन्छ। संस्थाहरू बिस्तारै कमजोर बनाइन्छन्, प्रश्न गर्ने आवाजलाई राष्ट्रविरोधी साबित गर्ने ट्रेन्ड बसालिन्छ, अनि जनतालाई यस्तो मानसिकतामा पुऱ्याइन्छ जहाँ उनीहरू असामान्य कुरालाई पनि सामान्य ठान्न थाल्छन्।

सत्तामा बसेका मठाधीश आफूलाई राष्ट्रको पर्याय झैं प्रस्तुत गर्छन। सरकारमाथि प्रश्न उठाउनु भनेको देश बिकासमा सिधै बाधा बन्नु हो जस्ता भ्रम सृजना गरिन्छ। त्यसपछि खोक्रो राष्ट्रवादलाई भावनात्मक हतियार बनाइन्छ। वास्तविक समस्या जस्तै शिक्षा, बेरोजगारी, आर्थिक असमानता, प्रेस स्वतन्त्रताको ह्रास, संस्थागत पतनबाट ध्यान हटाउन राष्ट्र गौरव, सभ्यता, धर्मको रक्षा, बाहिरी शत्रु जस्ता नाराहरू अगाडि सारिन्छन्। इतिहासमा लगभग सबै अधिनायकवादी शक्तिहरूले यही रणनीति अपनाएका बुझिन्छ।

यस्तो परिवर्तन सुरुवातमा जनतालाई स्वाभाविक लाग्छ। किनकि जनताले आफ्नो जीवनमा पहिलोपटक यस्ता अवस्थाहरु अनुभव गरिरहेका हुन्छन्। इतिहासको हरेक अटोक्रसीमा यही भएको थियो। पुराना सत्ताबाट उबिएको जनताको मनमा देशका लागि कठोर नेतृत्व चाहिन्छ, अहिलेको परिस्थितिमा स्वतन्त्रता भन्दा स्थिरता महत्वपूर्ण हो जस्ता विचार उठिरहेको हुन्छ। तर जबसम्म समाजले खतरा महसुस गर्छ, तबसम्म धेरै संस्थाहरू कमजोर भइसकेका हुन्छन्।

विश्व इतिहासका धेरै उदाहरणहरूले यही तथ्य पुष्टि गर्छन्। प्राचीन रोमन गणतन्त्रको पतनबाट गणतान्त्रिक संस्थाहरू कसरी विस्तारै कमजोर बन्छन् भन्ने महत्वपूर्ण पाठ सिक्न सक्छौं। रोमन गणतन्त्रमा पनि सुरुमा जनप्रतिनिधि संस्था, शक्ति सन्तुलन र कानुनी परम्परा बलिया थिए। तर राजनीतिक ध्रुवीकरण, शक्तिशाली व्यक्तिहरूको उदय, संस्थाहरूको अवमूल्यन र नागरिकहरूको बढ्दो निराशाले गणतन्त्रलाई साम्राज्यमा रूपान्तरण गरिदियो। जुलियस सिजरको उदय अचानक भएको थिएन, त्यो दशकौंसम्म संस्थागत क्षय र राजनीतिक संकटको परिणाम थियो।

बीसौं शताब्दीमा जर्मनीको वाइमर गणतन्त्रको अनुभव पनि लोकतन्त्रका लागि एक गम्भीर पाठ हो। प्रथम विश्वयुद्धपछिको आर्थिक संकट, चरम मुद्रास्फीति, बेरोजगारी र राजनीतिक अस्थिरताले जनतामा लोकतान्त्रिक व्यवस्थाप्रति निराशा बढाएको थियो। यही असन्तुष्टिको जगमा हिटलरले आफूलाई राष्ट्रको उद्धारकर्ता र स्थिरताको प्रतीकका रूपमा प्रस्तुत गर्न सफल भएका थिए। उनले पनि लोकतान्त्रिक प्रक्रियाकै प्रयोग गरेर सत्ता प्राप्त गरे र त्यसपछि क्रमशः प्रेस, न्यायालय, संसद् र अन्य संस्थाहरूलाई आफ्नो नियन्त्रणमा ल्याए। लोकतन्त्रको सबैभन्दा ठूलो विडम्बना नै यही हो कि कहिलेकाहीँ यसलाई समाप्त गर्ने शक्तिहरू लोकतन्त्रकै ढोकाबाट प्रवेश गर्छन्।

जर्मनीमा त झन एडोल्फ हिटलरको नाजी शासनकालमा प्रचार मन्त्रालय नै स्थापना गरिएको थियो। यस मन्त्रालयको नेतृत्व जोसेफ गोबेल्सले गर्थे जस्को उद्देश्य नै नाजी विचारधारा जनतामाझ फैलाउनु, रेडियो, पत्रपत्रिका, चलचित्र र कलामाथि नियन्त्रण राख्नु र जनमतलाई नियन्त्रण गर्नु थियो। आजभोलि त “Goebbels an propaganda“ भन्ने एउटा सिद्धान्त नै छ जस्को अर्थ नै झुट, अर्धसत्य वा भ्रामक सूचनालाई बारम्बार दोहोऱ्याएर जनतालाई प्रभावित गर्ने प्रचार शैलीका लागि प्रयोग गरिन्छ। जोसेफ गोबेल्सको अनुसार, कुनै झुट एकपटक भनियो भने मानिसहरूले त्यसलाई झुटको रूपमा बुझ्न सक्छन्, तर त्यही झुटलाई बारम्बार र व्यापक रूपमा प्रचार गरिरह्यो भने मानिसहरूले अन्ततः त्यसलाई सत्य ठान्न थाल्छन्।

हालैको बिश्व घटनाहरुमा पनि यस्ता उदाहरणहरू प्रशस्त छन्। भेनेजुएलामा लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित नेतृत्वले न्यायपालिका, निर्वाचन निकाय र सञ्चार क्षेत्रमाथि प्रभाव बढाउँदै लग्यो। टर्की, हंगेरी, भारत तथा अन्य केही मुलुकहरूमा पनि निर्वाचित सरकारहरूले लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाएको विषय अन्तर्राष्ट्रिय मिडियाहरुको प्रमुख चासोको बिषय बनेको थियो। यी उदाहरणहरूले लोकतन्त्रको एक चुनौती कहिलेकाहीँ निर्वाचित नेतृत्वबाटै आउन सक्ने तथ्य उजागर गर्छन्।

जर्मनी, इटाली, स्पेन वा ल्याटिन अमेरिकाका धेरै देशहरूमा संविधान थिए, संसद् थिए, कानुन थिए, तर जब नागरिक चेतना कमजोर भयो, संस्थाहरू दबाबमा परे र समाजले स्वतन्त्रताको मूल्य बिर्सन थाल्यो, तब ती संरचनाहरूले पनि लोकतन्त्रलाई बचाउन सकेनन्। संविधान र संघीयताले मात्र लोकतन्त्रलाई बचाउन सकिँदैन। संविधान लोकतन्त्रको आधार हो र संघीयता लोकतन्त्रलाई बलियो बनाउने एउटा संरचनात्मक व्यवस्था। तर यी आफैंमा लोकतन्त्रको अन्तिम ग्यारेन्टी होइन।

इटालीमा बेनिटो मुसोलिनीको शासन, स्पेनमा फ्रान्सिस्को फ्राङ्कोको सत्ता वा अन्य धेरै देशहरूमा स्थापित भएका अधिनायकवादी व्यवस्थाहरू कुनै एकै दिनमा जन्मिएका थिएनन्। ती सबै आआफ्नो मुलुकको राजनीतिक अस्थिरता, आर्थिक संकट, सामाजिक निराशा र जनताको असन्तुष्टिको पृष्ठभूमिबाट विकसित भएका ब्यक्तिहरु थिए। पुराना सत्तासंग ह्रास खाएका जनताले सुरुमा बलियो नेतृत्व खोजे, व्यवस्था सुधारको आशा गरे, र स्थिरताको नाममा केही स्वतन्त्रतामाथि समेत सम्झौता गर्न तयार भए। तर विस्तारै त्यही नेतृत्वले राज्यका संस्थाहरूलाई आफ्नो नियन्त्रणमा ल्याउन थाल्यो र विपक्षीहरूलाई यति कमजोर बनाईयो कि आलोचनात्मक आवाजहरू आफै दबिन थाले।

प्राय हेर्ने हो भने अधिनायकवाद राष्ट्रवादको आवरणमा अगाडि बढ्छ। राष्ट्रप्रेम आफैंमा नकारात्मक कुरा होइन। आफ्नो देश, भाषा, संस्कृति र सभ्यताप्रति गर्व गर्नु स्वाभाविक र जायज हो। तर जब त्यही राष्ट्रवादलाई राजनीतिक हतियार बनाइन्छ, तब त्यसले लोकतान्त्रिक मूल्यहरूलाई कमजोर बनाउने सम्भावना बढन सक्छ। धेरै अधिनायकवादी शासकहरूले आफ्नो असफलता लुकाउन, जनताको ध्यान वास्तविक समस्याबाट मोड्न र आफ्नो विरोधमा उठेको आवाजहरूलाई राष्ट्र बिरोधि साबित गर्न राष्ट्रवादको प्रयोग गरेका थिए।

जब सरकार शिक्षा, स्वास्थ्य, रोजगार, आर्थिक अवसर, सुशासन वा भ्रष्टाचार नियन्त्रणजस्ता क्षेत्रमा अपेक्षित सफलता हासिल गर्न सक्दैन वा गर्न चाहदैन तब जनताको ध्यान अन्यत्र मोड्ने प्रयास सुरु हुन्छ। राष्ट्र गौरव, सभ्यताको रक्षा, धर्मको संरक्षण, राष्ट्रिय अस्तित्वमाथिको कथित खतरा वा सीमा विवादको भयलाई अगाडि सारेर भावनात्मक वातावरण निर्माण गरिन्छ। यसरी राजनीतिक बहस नीतिगत प्रश्नहरूबाट हटेर भावनात्मक नाराहरूमा सीमित हुन पुग्छ।

इतिहासमा धेरै अधिनायकवादी शासकहरूले पनि यही रणनीति अपनाएका थिए। नेपालको वर्तमान राजनीतिक अवस्थालाई हेर्दा लोकतन्त्रप्रति निरन्तर सजग रहनुपर्ने आवश्यकता बुझिन्छ। नेपाल अहिले अधिनायकवादी व्यवस्थातर्फ जानलागेको निष्कर्ष निकाल्नु अतिरञ्जित हुन सक्छ। तर सार्वजनिक बहसको स्तर, प्रेस स्वतन्त्रताको अवस्था र राजनीतिक संस्कृतिमा देखिएका केही प्रवृत्तिहरूले चिन्ता पैदा गर्ने आधार अवश्य प्रदान गर्छन्।

नेपालको राजनीतिक इतिहास आफैंमा लोकतन्त्रका लागि गरिएको लामो संघर्षको इतिहास बोकेको छ। राणाशासन विरुद्धको आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन र गणतन्त्र स्थापनाको प्रक्रिया सबै नागरिक अधिकार र लोकतान्त्रिक शासन व्यवस्थाका लागि भएका

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक


# नागरिकता र.....

भन्नुभयो।

दुवै महिलाको अनुभवले अन्तर जातीय विवाह गरेका महिलाले नागरिकता, विवाह दर्ता र सन्तानको जन्मदर्ता प्राप्त गर्न कठिनाइ भोग्नुपर्दा उनीहरू मात्र नभई उनीहरूका सन्तानसमेत राज्यको आधारभूत सेवाबाट वञ्चित हुने गम्भीर अवस्था उजागर गरेको छ।

कार्यक्रममा जनकपुर उच्च अदालतका मुख्य न्यायाधीश टेकनारायण कुँवरले 'किन महिला र बालबालिका बढी प्रभावित हुन्छन् ?' विषयमा कार्यपत्र प्रस्तुत गर्दै लैङ्गिक असमानता, आर्थिक निर्भरता, घरेलु तथा यौन हिंसा, मानव बेचबिखन, बाल यौन शोषण, साइबर हिंसा तथा परिवारभित्र हुने अपराधका कारण महिला र बालबालिका न्यायमा सहज पहुँचबाट वञ्चित हुने गरेको बताउनुभयो।

उहाँले पीडितले सहज रूपमा उजुरी दिन पाउने व्यवस्था, प्रभावकारी अनुसन्धान, निष्पक्ष अभियोजन, स्वतन्त्र अदालतबाट सुनुवाइ, पीडितको सुरक्षा, सम्मानजनक व्यवहार, क्षतिपूर्ति, पुनःस्थापना तथा पुनःपीडित हुनबाट संरक्षणलगायत अधिकार सुनिश्चित गर्न राज्य गम्भीर हुनुपर्नेमा जोड दिनुभयो। साथै संविधान र प्रचलित कानुनले प्रदान गरेका न्यायिक अधिकार बारे पनि जानकारी गराउनुभयो।

कार्यक्रममा प्रस्तुत कार्यपत्रमा अपराधपीडितको न्यायमा पहुँच, अन्तर्राष्ट्रिय कानुनी मापदण्ड, अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा देखिएका चुनौतीका विषय समेटिएका थिए। यसै अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मधेश प्रदेशको मानवअधिकार अवस्थाबारे प्रतिवेदन प्रस्तुत गर्दै मानवअधिकार उल्लङ्घनका घटनाप्रति चिन्ता व्यक्त गरेको थियो। आफन्त नेपालकी अमृता घिमिरेले महिला तथा बालबालिका बेचबिखनको वर्तमान अवस्थाबारे प्रस्तुति दिनुभएको थियो।

अन्तरक्रियामा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलगायत सरोकारवाला निकायका प्रतिनिधिले सबै नागरिकको न्यायमा समान पहुँच सुनिश्चित गर्न राज्य थप उत्तरदायी बन्नुपर्नेमा जोड दिनुभयो।

# असार महिनाको उत्कृष्ट शिक्षकका रूपमा महेन्द्र मल्लाह सम्मानित

**धवेन्द्रकुमार यादव**

**साउन १ गते, महोत्तरी**

श्री राष्ट्रिय माध्यमिक विद्यालय, कान्तिबजार, गौशाला-१२ ले शैक्षिक सत्र २०८३ को असार महिनाको उत्कृष्ट शिक्षकका रूपमा बाली विज्ञान विषयका शिक्षक श्री महेन्द्र मल्लाह लाई सम्मान गरेको छ।

विद्यालय, विद्यार्थी तथा समग्र शैक्षिक क्षेत्रमा उहाँले पुऱ्याउनुभएको उत्कृष्ट योगदान, अथक मेहनत, लगनशीलता र समर्पणको उच्च मूल्याङ्कन गर्दै उहाँलाई 'असार महिनाको उत्कृष्ट शिक्षक' सम्मान प्रदान गरिएको विद्यालयले जनाएको छ।

विद्यालयले उत्कृष्ट कार्य गर्ने शिक्षकलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रत्येक महिना 'उत्कृष्ट शिक्षक' छनोट गरी सम्मान गर्दै आएको छ। सोही कार्यक्रमअन्तर्गत असार महिनाका लागि महेन्द्र मल्लाह उत्कृष्ट शिक्षकका रूपमा चयन हुनुभएको हो।

मल्लाह नियमित रूपमा विद्यालय उपस्थित भई गुणस्तरीय पठनपाठनमा निरन्तर सक्रिय रहँदै आउनुभएको छ। साथै, उहाँले विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न विभिन्न अतिरिक्त तथा



सहपाठ्यक्रियात्मक कार्यक्रम सञ्चालन गर्दै उल्लेखनीय भूमिका निर्वाह गर्नुभएको विद्यालयको भनाइ छ।

विद्यार्थी, शिक्षक तथा अभिभावकमाझ सरल, अनुशासित, मेहनती र लोकप्रिय शिक्षकका रूपमा परिचित मल्लाहको योगदानको कदर गर्दै विद्यालयले उहाँलाई सम्मान गरेको हो। विद्यालयले आगामी दिनमा पनि उत्कृष्ट कार्य गर्ने शिक्षकलाई यस्तै प्रकारका सम्मान तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# प्रादेशिक अस्पताल जलेश्वरमा डायलासिस सेवा.........

नं.७ बस्ने अञ्जली कुमारीले जलेश्रुवर अस्पतालमा डायलासिस सेवा सुचारु भई सेवा लिइरहेकोमा खुशी व्यक्त गर्नुभयो ।

उहाँले बुबा लालबाबु यादवलाई हरेक दुईतीन दिनमा डायलासिस गराउनुपर्ने वाध्यता रहेको बताउनुहुँदै जलेश्वर अस्पतालमा डायलासिस सेवा शुरु भएपछि आर्थिक बोझका साथसाथै हैरानी कम भएको बताउनुभयो ।

डायलासिसको लागि जनकपुर लानु पर्दा गाडी भाडा, समय तथा अन्य खर्चले हैरानी बनाएको सम्झिनुहुँदै जलेश्वर मा सुविधा प्राप्त भएपछि आफूहरुलाई केही राहत महसुस भएको बताउनुभयो ।

त्यसैगरी प्रादेशिक अस्पताल जलेश्वरमा डायलासिसका लागि आमालाई ल्याउने सोनमा गाउँपालिकाका युवा नवीन कुमार मण्डलले जलेश्वरमा डायलासिस सेवा सुचारु पछि राहत महसुस भएपनि रगत अभावमा भने सास्ती खेप्नु परि रहेको बताउनुभयो।

आमा सुन्दरकला देवी मण्डललाई डायलासिस गराउँदा रगतको पनि आवश्यकता पर्ने गरिएकोमा प्रादेशिक अस्पताल जलेश्वरबाट रगतको पनि जोहो भइदिए तनाव पनि कम हुने बताउनुभयो ।

प्रादेशिक अस्पताल जलेश्वरका डायलासिस शाखा प्रमुख विवेक कुमार यादवले छ थान डायलासिस मेसिनमा पाँच थान चालु अवस्थामा राखिएको र एकथान इमर्जेन्सीको बेला प्रयोग गरिने गरिएको बताउनुभयो ।

बिरामीको चाप बढ्दै गएको छ तर जनशक्ति अभावमा कार्यालय समयमा मात्रै डायलासिस चलाउनुपर्ने वाध्यता रहेको डायलासिस शाखा प्रमुख यादवले जानकारी दिनुभयो। उहाँले अहिले नियमित रुपमा १२ जना बिरामीहरु डायलासिसको सेवा लिइरहेको जानकारी दिनुभयो ।

प्रादेशिक अस्पताल जलेश्वरमा डायलासिस सेवा सञ्चालन हुनु यस क्षेत्रको स्वास्थ्य सेवामा महत्वपूर्ण उपलब्धि भए पनि र गतको अभाव हुन नदिन तथा डायलासिस सेवा २४ घण्टा सञ्चालन गर्नुपर्ने गरि कार्य अगाडि बढाउन सरोकारबाला निकायलाई डायलासिस गराइ रहेका बिरामी कुरुवाले आग्रह गरेका छन् ।

# लोकतन्त्रको क्षयः इतिहासको चेतावनी र...............

संघर्षहरू थिए । हजारौं नागरिकहरूले बलिदान दिएर प्राप्त गरेको लोकतन्त्रलाई केवल चुनाव सम्पन्न गरेर मात्र सुरक्षित राख्न सकिँदैन । त्यसका लागि लोकतान्त्रिक संस्कृतिको निरन्तर विकास आवश्यक हुन्छ ।

आज नेपालको राजनीतिक बहसमा सरकार वा सत्ताको आलोचना गर्ने व्यक्तिलाई विकासविरोधी, राष्ट्रविरोधी, विपक्षको प्रभावमा परेको वा कुनै विशेष स्वार्थ समूहको प्रतिनिधि भनेर चित्रित गर्ने प्रवृत्ति निकै बढेको देखिन्छ । लोकतन्त्रमा सरकारमाथि प्रश्न उठाउनु अपराध होइन, बरु त्यो नागरिकको अधिकार र लोकतान्त्रिक उत्तरदायित्वको महत्वपूर्ण आधार हो । सरकार र राज्यलाई एउटै कित्तामा राख्न सकिदैन । लोकतान्त्रिक व्यबस्थामा सरकार अस्थायी संस्था हो, जुन निर्वाचनमार्फत परिवर्तन हुन सक्छ तर राज्य भने स्थायी संरचना हो । त्यसैले कुनै सरकारको आलोचना गर्नु देशको आलोचना गर्नु पक्कै पनि होइन ।

स्वस्थ लोकतन्त्रमा सत्ता र नागरिकबीच प्रश्न र जवाफको सम्बन्ध हुन्छ । पत्रकारले स्वतन्त्रता साथ प्रश्न गर्न पाउनुपर्छ, नागरिक समाजले सरकार माथी निगरानी गर्न पाउनुपर्छ, विपक्षी दलहरूले सरकारको समीक्षा गर्नुपर्छ, र न्यायालयले कानुनी सन्तुलन कायम गर्नुपर्ने हुन्छ । यदि यी संस्थाहरू कमजोर हुन थाले भने लोकतन्त्रको आधार नै कमजोर हुन थाल्छ । यही कारणले प्रेस स्वतन्त्रता, न्यायिक स्वतन्त्रता र संस्थागत स्वायत्तता लोकतन्त्रका आधार स्तम्भ मानिन्छन् ।

नेपालमा पछिल्ला वर्षहरूमा व्यक्ति केन्द्रित राजनीति बढ्दै गएको देखिन्छ । बिगतका केहि दिनमा राजनीतिक दलहरुभन्दा कुनै एक व्यक्तिको लोकप्रियता, नीतिभन्दा व्यक्तिगत प्रभाव र तथ्यभन्दा भावनात्मक प्रचारलाई बढी महत्व दिने प्रवृत्ति बलियो भएको छ । सामाजिक सञ्जालले व्यक्तिपूजाको संस्कृति झन् तीव्र बनाएको छ । कुनै नेतालाई आलोचनाभन्दा माथि राख्ने प्रवृत्ति लोकतान्त्रिक संस्कृतिसँग मेल खादैन । लोकतन्त्रमा कुनै पनि व्यक्ति आलोचनाभन्दा माथि हुन सक्दैन ।

जेन-जि आन्दोलनपछि बालेन शाहलाई जसरी राजनीतिक केन्द्रमा स्थापित गरियो, त्यो व्यक्तिवादी(एभचकयलबष्तिथ-ऋभलतचष्अ) र पपुलिस्ट राजनीतितर्फको पहिलो स्पष्ट संकेत थियो । राजनीतिक विचार, संगठनभन्दा व्यक्तिलाई केन्द्रमा राखेर जनमत निर्माण गर्ने प्रवृत्ति त्यसपछि झन् बलियो बन्दै गयो । बालेनलाई वैचारिक र राजनीतिक रूपमा चुनौती दिन सक्ने प्रमुख शक्ति नेपाली कांग्रेसले समेत उही सूत्र अपनाए । पार्टीको सामूहिक नेतृत्व, संगठन र नीतिगत बहसभन्दा बढी सिङ्गो गगन थापाको नाम र छविमा राजनीतिक अभियान केन्द्रित गऱ्यो । यसले संस्थागत राजनीतिभन्दा व्यक्तिमुखी राजनीतिक संस्कृतिलाई अझ प्रोत्साहन गऱ्यो ।

आज नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दलको भूमिकामा छ । लोकतान्त्रिक मूल्य, विधिको शासन र संस्थागत राजनीतिको पक्षमा लामो इतिहास बोकेको दल भए पनि, वर्तमान अवस्थामा प्रभावकारी प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्न सकेको देखिँदैन । सरकारका कमजोरीमाथि सशक्त निगरानी र लोकतान्त्रिक संस्थाको संरक्षणमा अग्रसर हुनुपर्ने ठाउँमा कांग्रेस प्रतिक्रियात्मक मात्र देखिएको छ । लोकतन्त्रलाई व्यक्तिको लोकप्रियताभन्दा संस्थाको मजबुतीमा टिकाइराख्ने हो भने, सबैभन्दा पहिले राजनीतिक दलहरू स्वयं व्यक्तिवादी राजनीतिबाट माथि उठ्न आवश्यक छ ।

लोकतन्त्रमाथि सबैभन्दा ठूलो खतरा भित्री उदासीनताबाट आउँछ । जब नागरिकहरूले आफ्नो अधिकारप्रति चासो लिन छाड्छन्, तब लोकतन्त्रको क्षय अझ तीव्र गतिमा अगाडि बढ्छ । स्वतन्त्रता गुमाउने प्रक्रिया यति विस्तारै हुन्छ कि धेरै मानिसहरूले त्यसलाई समयमै महसुस गर्न सक्दैनन् । समाजमा "देशलाई अहिले बलियो हात चाहिन्छ", "बहुत धेरै स्वतन्त्रताले समस्या बढायो", "स्थिरताका लागि केही अधिकार त्याग्नुपर्छ" जस्ता विचारहरू लोकप्रिय बन्न थाल्दा सजग हुनु आवश्यक हुन्छ । इतिहासमा यस्ता नाराहरू लोकतान्त्रिक स्वतन्त्रता सीमित गर्ने प्रक्रियाको प्रारम्भिक चरण बनेको देखिन्छ ।

स्वतन्त्रता र स्थिरता एकअर्काका विरोधी होइनन्, वास्तविक स्थिरता त स्वतन्त्रता, न्याय र संस्थागत विश्वासबाट नै उत्पन्न हुन्छ । नेपालको लोकतन्त्र अहिले परिपक्व हुने प्रक्रियामै छ । त्यसैले यसलाई जोगाउने जिम्मेवारी केवल सरकार वा राजनीतिक दलहरूको मात्र होइन, नागरिक समाज, सञ्चारमाध्यम, न्यायपालिका, बुद्धिजीवी वर्ग र आम नागरिक सबैको समान छ । लोकतन्त्रको रक्षा मतदान केन्द्रमा गएर मतदान गरिदिएर मात्र हुँदैन । त्यो दैनिक जीवनमा सत्ता र सत्ताको समर्थकसंग गरिने प्रश्न, स्वस्थ्य बहस, आलोचना र नागरिक चेतनाबाट सम्भव छ ।

हाम्रो स्वतन्त्रता सानो सानो सम्झौताहरू, मौन स्वीकृतिहरू र संस्थागत कमजोरीहरूको श्रृंखलाबाट प्रभावित हुन सक्छ । त्यसैले लोकतन्त्रलाई जोगाउने सबैभन्दा प्रभावकारी उपाय भनेको निरन्तर सतर्कता, स्वतन्त्र पत्रकारिता र कानुनी शासन हो । यदि समाजले प्रश्न गर्ने अधिकारलाई जोगाइराख्न सक्यो भने लोकतन्त्र बलियो बन्छ र यदि व्यक्तिपूजा, अन्धराष्ट्रवाद र संस्थामाथिको अविश्वास बढ्दै गयो भने इतिहासले धेरैपटक दोहोऱ्याएको दुःखद चक्र दोहोरिदैंन भन्न सकिदैन ।

# मधेशमा धान रोपाइँमा सुधार : प्रदेशमा ५८ प्रतिशत धान रोपाइँ सम्पन्न, महोत्तरी सबैभन्दा पछाडि

**खबर दर्पण समाचारदाता**

**साउन १ गते, बर्दिवास**

मधेश प्रदेशमा मनसुन सक्रिय भएसँगै धान रोपाइँले गति लिन थालेको भए पनि असार मसान्तसम्म प्रदेशभर औसतमा ५७.९३ प्रतिशत मात्रै रोपाइँ सम्पन्न भएको छ।

कृषि विकास निर्देशनालय मधेश प्रदेशका अनुसार यस वर्ष असार ३२ गतेसम्म तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये दुई लाख २१ हजार ५४६ हेक्टरमा मात्र धान रोपाइँ सम्पन्न भएको छ। निर्देशनालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार प्रदेशका आठ जिल्लामध्ये सिरहामा सबैभन्दा बढी र महोत्तरीमा सबैभन्दा कम धान रोपाइँ भएको छ। सिरहामा ५४ हजार हेक्टर खेतीयोग्य क्षेत्रमध्ये ४३ हजार ३०० हेक्टर अर्थात् ८० प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ भने महोत्तरीमा ४० हजार हेक्टर क्षेत्रमध्ये १५ हजार ८३८ हेक्टर अर्थात् ३९.५९ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ भएको छ, जसले जिल्लालाई प्रदेशकै सबैभन्दा पछाडि राखेको छ।

अन्य जिल्लामध्ये सप्तरीमा ६८ हजार हेक्टरमध्ये ३४ हजार हेक्टर अर्थात् ५० प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ। धनुषामा ४३ हजार ७०० हेक्टर मध्ये २१ हजार ८५० हेक्टर ( ५० प्रतिशत), बारामा ४५ हजार १०० हेक्टरमध्ये २४ हजार ८०५ हेक्टर (५५ प्रतिशत), रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये २१ हजार १७५ हेक्टर (५५ प्रतिशत) तथा पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ३५ हजार ५९ हेक्टर अर्थात् ६५ प्रतिशत क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ।

कृषि विकास निर्देशनालयका अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये हरेक वर्ष तीन लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रमा धान खेती हुने गरेको छ। यस वर्ष असारको अधिकांश समय पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भए पनि पछिल्लो समय मनसुन सक्रिय भएसँगै किसानले रोपाइँलाई तीव्रता दिएका छन्।



निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले पछिल्ला दुई सातामा मात्रै धान रोपाइँमा उल्लेखनीय प्रगति भएको बताउनुभयो। उहाँका अनुसार असार तेस्रो सातासम्म प्रदेशमा करिब १५ प्रतिशत क्षेत्रमा मात्र धान रोपाइँ भएको थियो। त्यसपछि मनसुन सक्रिय भएसँगै थप ४३ प्रतिशतभन्दा बढी क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ। "पछिल्ला केही दिनयता नियमित वर्षा भएकाले किसान खेतमा व्यस्त भएका छन्," उहाँले भन्नुभयो, "यदि आगामी केही दिन पनि मनसुन यस्तै सक्रिय रह्यो भने बाँकी क्षेत्रमा पनि छिट्टै रोपाइँ सम्पन्न हुने अपेक्षा गरेका छौँ।"

कृषि प्राविधिकहरूका अनुसार समयमै पर्याप्त वर्षा नहुँदा कतिपय किसानले रोपाइँ ढिलाइ गरेका थिए भने सिँचाइ सुविधा भएका क्षेत्रमा रोपाइँ अपेक्षाकृत छिटो सम्पन्न भएको छ। वर्षा नियमित हुन थालेपछि अहिले अधिकांश जिल्लामा रोपाइँले गति लिएको छ।

धान मधेश प्रदेशको प्रमुख खाद्यान्न बाली भएकाले समयमै रोपाइँ सम्पन्न हुनु उत्पादनसँग प्रत्यक्ष जोडिएको छ। कृषि विज्ञहरूले अबको केही दिन नियमित वर्षा भए प्रदेशभर बाँकी क्षेत्रमा पनि रोपाइँ सम्पन्न हुने र उत्पादनमा ठूलो असर नपर्ने अपेक्षा गरेका छन्। तर वर्षा फेरि अनियमित भए ढिलो रोपाइँका कारण उत्पादनमा कमी आउने जोखिम कायमै रहने उनीहरूको भनाइ छ।

# अनुचित लेनदेनका आरोपितलाई कारबाहीको माग गर्दै प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**साउन १ गते, जनकपुरधाम**

अनुचित लेनदेन (मिटरब्याजी) को आरोपमा पक्राउ परेका तीन जनामाथि कडा कारबाहीको माग गर्दै मिटरब्याजपीडितले शुक्रबार जनकपुरधाममा प्रदर्शन गरेका छन् ।

पीडितहरूले विभिन्न माग लेखिएका प्लेकार्ड बोकेर जिल्ला प्रहरी कार्यालय धनुषा, जिल्ला प्रशासन कार्यालय जिल्ला अदालतअगाडि समेत केही समय प्रदर्शन गरेका हुन् ।

पीडितकै जाहेरीका आधारमा प्रहरीले बिहीबार अनुचित लेनदेनको आरोपमा जनकपुर धाम उपमहानगरपालिका-१६ का हरेराम साह, उहाँको आमा रेखाकुमारी साह र काका गोपाल साहलाई पक्राउ गरेको थियो ।



प्रदर्शनमा सहभागीले आरोपितहरूले धेरै व्यक्तिको धनसम्पत्ति अनुचित ढङ्गले हत्याएर आर्थिक शोषण गरेको दाबी गर्दै घटनाको निष्पक्ष अनुसन्धान गरी कानुनबमोजिम कडा कारबाही गर्न माग गरेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाले अनुचित लेनदेनसम्बन्धी मुद्दामा पक्राउ परेकामाथि आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,